# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

बौद्ध, काठमाण्डौ, नेपाल

फोन: ५१७१२३४, ४२१७१२३, फ्याक्स: ५१७८३३३

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(१) सँग सम्बन्धित अनुसूची-१४ बमोजिमको आ.व. २०८१।०८२ को चौथो त्रैमासिक अवधि सम्मको प्रतिवेदन ।

१. **वित्तीय विवरण:**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण ।**

यस आ.व.२०८१।०८२ को चौथो त्रैमासिक अवधि १६ जुलाई २०२४ देखि १६ जुलाई २०२५ सम्मको वैधानिक लेखापरीक्षण हुनु पुर्वको अपरिष्कृत वित्तिय विवरण तथा गत आ.व. २०८०।०८१ को सोही अवधिको वैधानिक लेखापरीक्षण हुनु पूर्वको वित्तिय विवरणको तुलनात्मक वित्तिय विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

ख) **प्रमुख वित्तिय अनुपातहरु निम्नानुसार छन् :**

| विवरणहरु | आ.व २०८१।८२ को चौथो त्रैमासिक अवधि (लेखापरीक्षण नभएको) | आ.व २०८०।८१ को चौथो त्रैमासिक अवधि (लेखापरीक्षण नभएको) |
|---|---|---|
| प्रति शेयर आम्दानी । (नोक्सानी) | २६.२७ | २६.४१ |
| प्रति शेयर नेटवर्थ | १६१.६५ | १४६.६२ |
| P/E ratio | ३६.०२ | ३०.५५ |
| प्रति शेयर कुल सम्पतिको मुल्य | २३४.६५ | २२०.६६ |
| तरलता अनुपात | २.२१ | २.०० |

२) **व्यवस्थापकीय विश्लेषण:**

क) आ.व. २०८१।०८२ को चौथो त्रैमासिक अवधि (२०८२ बैशाख, जेष्ठ, असार ) मा यस होटलमा पर्यटकीय व्यवसायिक गतिविधि तथा क्रियाकलापहरु तुलनात्मक रुपमा केहि बढेको भएको देखिन्छ । नेपाल पर्यटन बोर्डले प्रकाशित गरेको तथ्यांक अनुसार अप्रिल महिनामा ११६,४६०, मई महिनामा ८६,२१६ र जुन महिनामा जम्मा ३१४,५८८ जना अन्तराष्ट्रिय पर्यटकहरु नेपाल भित्रिएका छन् भने गत वर्षको सोही समिक्षा अवधिमा जम्मा ३१०,६२३ जना पर्यटकहरु नेपाल भित्रिएको देखिन्छ । गत वर्षको तथ्यांक र यस वर्षको सोही समिक्षा अवधिको तथ्यांक तुलना गर्दा यस वर्ष देशमा भित्रिएका पर्यटकको संख्या ०.२६ प्रतिशतले बढ्न गएको देखिन्छ । देशमा यस त्रैमासिक अवधिमा गत वर्षको भन्दा बढी पर्यटनहरु भित्रिएकोमा यस होटलको चौथो त्रैमासिक अवधिमा अक्युपेन्सि दर अघिल्लो वर्षको सोही अवधिको तुलनामा केहि प्रतिशतले कम हुन आएको छ । अक्युपेन्सि दर कम भएतापनि यस होटलले आफ्नो आम्दानी भने गत वर्ष भन्दा बढाउन सफल भएको छ ।

(ख) गत आ.व. २०८०।०८१ को चौथो त्रैमासिक समिक्षा अवधिमा कुल आम्दानी रु. १७३.८३ करोड, कर्मचारी बोनस, ऋण र कर अघिको खुद नाफा रु. ६५.८१ करोड रहेकोमा, यस आ.व. २०८१।०८२ को चौथो त्रैमासिक समिक्षा अवधिमा होटलको व्यवसायमा वृद्धि भएता पनि अन्य आम्दानीमा केही कमी आएको हुँदा समिक्षा अवधिमा कुल आम्दानी रु. २४ लाखले घटेर रु. १७३.५६ करोड पुगेको र कर अघिको खुद नाफा रु ६५.४५ करोड रहेको छ ।

ग) नेपालको पर्यटक क्षेत्रमा तारे होटलहरूको समस्या बढ्दो क्रममा रहेको कारण व्यवसायिक प्रतिस्पर्धा सिर्जना भएको देखिन्छ । हालको अवस्थामा यस होटलले व्यवसायिक प्रतिस्पर्धामा आफूलाई सबल राखेको छ र आगामी अवधिको कडा व्यवसायिक प्रतिस्पर्धालाई सामना गर्न थप आवश्यक पूर्वाधारहरूको निर्माणमा होटल सक्रियतापूर्वक लागेको छ । यसै क्रममा, होटललाई यस वर्ष पुर्ण मर्मत तथा विस्तार गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ ।

घ) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता, रणनीतिक कार्यक्षमता र व्यवस्थापकीय सुझबुझका साथ व्यावसायीक कार्यसम्पादन गर्ने कार्यदक्षताका कारण कम्पनीको मौज्दात, कार्यशील पूँजी र तरलताको अवस्था राम्रो अवस्थामा रहेका छन् ।

ङ) आर्थिक वर्ष २०८१।८२ को आगामी त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्दि गर्नका लागि अपनाउनुपर्ने सबै व्यवसायीक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटलको अक्युपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्वन गरी आम्दानी अभिबृद्दि गर्नेछ भने होटल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा सुक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरुको कुशलतापुर्वक संचालन जारी राख्नेछ ।

३) **कानूनी कारवाही सम्बन्धी विवरण:**

क) यस आ.व. २०८१।८२ को चौथो त्रैमासिक अवधिमा कम्पनीले कुनै विरुद्ध मुद्दा दायर गरेको छैन र कम्पनीको विरुद्धमा कुनै मुद्दा दायर भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।

ग) हालसम्म कम्पनीको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) शेयर कारोबारमा हुने उताव चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ । शेयर कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार रहेको छः

| विवरणहरु | आ.व २०८१।०८२ को चौथो त्रैमासिक | आ.व २०८०।०८१ को चौथो त्रैमासिक |
|---|---|---|
| अधिकतम मूल्य रु. | १०७५ | ८८० ।०० |
| न्युनतम मुल्य रु. | ८६८ | ६६५ ।१० |
| अन्तिम मूल्य | ६४६.१२ | ८०७ ।०० |
| कारोबार भएको कूल दिन | ७१ | ६८ |
| कुल कारोबार संख्या | ५,१७३ | ६,२५५ |
| कुल कारोबार शेयर संख्या | ५३२,३८३ | ११,५६,५८५ |

५) **समस्या तथा चुनौती:**

क) **समस्या तथा चुनौतीहरु:**

(क.१) **आन्तरिक समस्या: यस कम्पनीमा आन्तरिक कुनै पनि समस्या रहेको छैन ।**

(क.२) **बाह्य समस्या:**

- अन्तराष्ट्रिय देशहरुमा भइरहेको शीत युद्ध एवं केहि राष्ट्रहरु विच भइ रहेको युद्धले गर्दा अन्तराष्ट्रिय स्तरमा मुद्रा स्फ्रितिको कारणले गर्दा नेपालमा पर्यटन आगमनको संख्या घट्न गई होटल व्यबसायमा त्यसबाट पर्ने प्रभाव ।
- पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनितिक उताव चढाव तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी हुने यात्रा प्रतिकुलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभाव ।
- युवा जनशक्ति विदेश पलायन भईरहदा देश भित्र दक्ष कार्य शक्तीको अभाव भएको र होटललाई आवश्यक परेको समयमा कौशल कामदारहरु पाउन जटिल हुने ।
- पर्यटन व्यवसाय र मनोरञ्जन क्रियाकलाप अन्तरसमबन्धित रहेकोमा आधुनिक परिवेशमा आम युवाहरुले खोज्ने आधुनिक मनोरञ्जनका क्रियाकलाप जस्तै सांगितिक कन्सर्ट, महोत्सव, इन्टरटेनमेन्ट सोहरु इत्यादी संचालन गर्न झेल्नुपर्ने कानुनी जटीलता ।
- बिलासिता कर लगाउनाले पाँचतारे होटलमा बस्दा ग्राहकहरुको खर्च बढ्ने भएकाले होटलमा स्थानिय तथा स्वदेशी ग्राहकको संख्या कम हुने ।
- देशमा नयाँ नयाँ पाँच तारे होटलहरु खुलेसँगै प्रतिस्पर्धा बढेको तर त्यसै अनुरुप गुणस्तरीय पर्यटक आगमनमा वृद्धि नहुनु,
- पर्यटन सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती नहुनु, सर्वसुलभ यातायातको सुविधा नहुनु,
- विदेशी मुद्राको विनिमयमा भईरहने उताव चढाव,
- अप्रत्यासित रुपमा पर्यटन क्षेत्रमा हुने श्रम समस्याहरु जसको कारणले आन्तरिक तथा बाह्य पर्यटकमा पर्ने नकारात्मक प्रभाव,
- अप्रत्याशित रुपमा घट्ने पर्यटक प्रतिकुलताका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरु, प्राकृतिक तथा दैविक प्रकोपहरुको प्रभाव ।

(ख) **रणनीती:**

- अतिथिहरुलाई प्रदान गरिएका सेवाहरु र अनुभवहरुको स्तरलाई स्तरोन्नति गर्न होटलका कोठाहरु तथा उपलब्ध गराईने सुविधाहरुमा समय अनुकुल सुधार ल्याउने जसका कारण स्वदेशी तथा विदेशी अतिथिहरुको नेपालमा रोजाइको होटल तारागाउ रिजेन्सी होटल्स बनोस ।
- होटल परिसरमा कर्पोरेट सभा, सामाजिक, शैक्षीक तथा सांगितिक कार्यक्रमहरु संचालन गर्न थप आकर्षण बढाउने ।
- सम्भावित प्राकृतिक तथा दैविक प्रकोपहरुबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न विपद व्यवस्थापनलाई मध्यनजर गर्दै प्रतिकुल अवस्थामा पनि व्यवसायको निरन्तरताको लागि आवश्यक कार्यहरु गर्ने,
- होटलमा कार्यरत कर्मचारिहरुलाई अतिथिलाई उच्चस्तरीय सेवा प्रदान गराउन विभिन्न तालिमहरु आयोजना गर्ने,
- कम्पनीका सम्पूर्ण संयन्त्रहरुको समुचित सदुपयोग गरी होटल संचालन तथा व्यवस्थापन न्युनतम खर्चमा गर्दै स्वदेशी तथा विदेशी ग्राहकहरुलाई अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय सेवा, सुविधाहरु उपलब्ध गराई लक्ष्य अनुसारको आम्दानी हासिल गर्न नयाँ बजार तथा गुणस्तरीय ग्राहकहरुको खोजी गर्ने,
- अन्य बाह्य समस्या तथा चुनौतीहरुलाई सामना गरि त्यसलाई अवसरको रुपमा लिई कम्पनीको हितमा प्रयोग गर्न उच्च व्यवस्थापन सदैव सक्रिय रहने,
- कम्पनीको व्यवसायलाई समय समयमा मुल्याङ्कन गरि व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार व्यवस्थापनमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने,
- ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय सेवाहरु प्रदान गर्दै, थप ताजगी तथा नयाँपन प्रदान गर्नको लागि होटलको आवश्यक मर्मत,सुधार तथा सम्भार, रंगरोगन आदि जारी राख्ने,

६) **संस्थागत सुशासन:**

यस कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा अनुपालन गरेको छ । साथै आन्तरिक नियन्त्रण तथा नियमन प्रणाली चुस्त राख्न, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप पारदर्शी र व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरिएको छ । कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाह्य लेखा प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने र संचालक समितिले आवश्यक निर्देशन दिने गर्दछ । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानवाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैब क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

७) **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष तथा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

| Particulars | Unaudited As of 16-Jul-25 | Unaudited As of 31-Mar-25 | Unaudited As of 16-Jul-24 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets:** | | | |
| Property, Plant and Equipment | 1,757,309,951 | 1,748,264,466 | 1,715,008,473 |
| Right of Use | 35,917,428 | 36,499,070 | 37,911,627 |
| Intangible Assets | 5,599,694 | 2,005,637 | 6,184,651 |
| Work in Progress | 64,780,477 | 53,448,656 | 42,378,454 |
| **Total Non-Current Assets** | **1,863,607,550** | **1,840,217,829** | **1,801,483,205** |
| **Current Assets:** | | | |
| Inventories | 21,990,111 | 18,959,561 | 20,765,616 |
| Trade and Other Receivables | 143,691,910 | 197,855,118 | 172,184,734 |
| Advance & Deposit | 252,611,203 | 241,915,349 | 261,140,866 |
| Investment | 2,007,238,383 | 1,626,875,383 | 1,514,769,474 |
| Cash and Cash Equivalents | 314,986,892 | 577,303,080 | 565,088,441 |
| **Total Current Assets** | **2,740,518,499** | **2,662,908,491** | **2,533,949,131** |
| **Total Assets** | **4,604,126,049** | **4,503,126,320** | **4,335,432,336** |
| **Equity & Liabilities** | | | |
| **Equity:** | | | |
| Share Capital | 1,962,120,160 | 1,962,120,160 | 1,962,120,160 |
| Reserves | 1,209,686,291 | 1,031,808,877 | 914,696,812 |
| **Total Equity** | **3,171,806,451** | **2,993,929,037** | **2,876,816,972** |
| Liabilities: | | | |
| Non Current Liabilities: | | | |
| Employee Benefits | 69,444,158 | 68,954,802 | 69,256,081 |
| Deferred Tax Liabilities | 85,869,008 | 85,869,008 | 85,218,592 |
| Lease Liability | 45,039,073 | 45,039,073 | 45,039,073 |
| **Total Non-Current Liabilities** | **200,352,239** | **199,862,883** | **199,513,746** |
| **Current Liabilities** | | | |
| Unsecured Loans | 28,012,562 | 28,012,562 | 29,691,070 |
| Trade and Other Payables | 1,032,720,988 | 1,132,552,415 | 1,133,933,630 |
| Employee Benefit and Provisions | 171,233,809 | 148,769,423 | 95,476,918 |
| **Total Current Liabilities** | **1,231,967,359** | **1,309,334,400** | **1,259,101,618** |
| **Total Liabilities** | **1,432,319,598** | **1,509,197,283** | **1,458,615,364** |
| **Total Equity and Liabilities** | **4,604,126,049** | **4,503,126,320** | **4,335,432,336** |

**Statement of Profit & Loss Account**

| Particulars | Unaudited As of 16-Jul-25 | Unaudited As of 31-Mar-25 | Unaudited As of 16-Jul-24 |
|---|---|---|---|
| Revenue from Operations | 1,521,649,487 | 1,082,935,295 | 1,496,459,033 |
| Other Income | 214,307,333 | 127,868,761 | 241,923,958 |
| **Total Income** | **1,735,956,820** | **1,210,804,056** | **1,738,382,991** |
| Operational Expense and Other Costs of Operation | 735,726,546 | 515,928,493 | 775,926,085 |
| Administrative Overhead | 247,290,725 | 194,055,112 | 226,387,005 |
| **Profit Before Depreciation, Amortisation and Tax** | **752,939,549** | **500,820,451** | **736,069,901** |
| Depreciation and Amortization Expenses | 98,420,226 | 72,177,209 | 77,950,891 |
| **Profit Before Tax** | **654,519,323** | **428,643,242** | **658,119,010** |
| Current tax | 139,085,356 | 91,086,689 | 139,850,290 |
| Deferred tax (Income)/ Expense | - | - | - |
| **Profit After Tax** | **515,433,967** | **337,556,553** | **518,268,720** |
| Note:If The Statutory audit or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly | | | |